कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई (सुपरजोन धान) राजापुर,बर्दिया

फोन न ०८४- ४६०१४९
इमेल pmamp.rice.r.ajapur@gmail.com
www.bardiyapaddy.pmampnepal.com

पत्र सख्या:-२०७५/०७६
चलानी न: -

दोस्रो पटक प्रकाशित मिति २०७५।०५।३१

## बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (सुपरजोन धान) विकास कार्यक्रम निर्माणको लागि प्रस्ताव आव्हान गरिएको सूचना

आ.व. २०७३।०७४ देखि बर्दिया जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत परियोजना कार्यान्वयन इकाई (धान जोन) संचालनमा रहेको र यस आ.व. २०७५/०७६ देखि बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र तथा (सुपरजोन धान)विकास कार्यक्रम कार्यान्वयन हुन गइरहेको व्यहोरा सहर्स जानकारी गराईन्छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्री व्यवस्था,बाली वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन, औधोगीकरण र बजारीकरणको लागि पूर्वाधारको व्यवस्था मार्फत कृषि क्षेत्रको आधुनिकीकरण गर्ने परिकल्पना यस परियोजनाले गरेको छ ।

यस परियोजना कार्यान्वयन इकाईको आ.व.०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (सुपरजोन धान )विकास कार्यक्रम मार्फत धान बालीमा (चैते धान) सुपरजोन निर्माण गर्न,धान संवन्धी प्रशोधन गर्न तथा उद्योग स्थापना एंव संचालन गर्न इच्छुक कृषक समूह / सहकारी / कम्पनी / निजी उद्यमीको सूची तयार गर्नु पर्ने भएकोले ( छुट्टाछुट्टै वा मिलेर) परियोजनाबाट निर्धारित ढाँचाको आवेदन साथ आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएकोले मिति २०७५/०५/३१ भित्र परियोजना कार्यान्वयन इकाई (सुपरजोन धान)मा इच्छुक कृषक समूह/ सहकारी /निजी उद्यमीहरुले आवेदन पेश गर्नु हुन अनुरोध गरिएकोमा सुपरजोन संचालक समितिको मिति २०७५।५।३० गतेको निर्णयानुसार आवेदन पेश गर्ने मिति २०७५।०६।१५ सम्म बढाइएको व्यहोरा जानकारी गराइन्छ ।

| | |
|---|---|
| मापदण्डहरु | बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (सुपरजोन धान) विकास कार्यक्रम |
| तोकिएको बाली | धान (चैते धान) |
| क्षेत्रफल | कम्तिमा १००० हेक्टर |
| संचालन हुने स्थान | राजापुर नगरपालिका र गेरुवा गाउँपालिका |
| परियोजनाबाट उपलब्ध हुने सुविधाहरु | चालु अनुदान नविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, रासायनिक तथा प्राङ्गारिक मल जस्ता उत्पादन सामाग्रीमा सहयोग<br>पुँजीगत अनुदान - कष्टम हायरिङ्ग सेन्टर निर्माण,पोष्ट हार्भेष्ट सेन्टर निर्माण,उत्पादनमा आधारित प्रोत्साहन प्रणाली, सिंचाई पूर्वाधार निर्माण/मर्मत, प्रशोधन तथा उद्योग स्थापना तथा संचालन |
| हुनु पर्ने सेवा/सुविधा/पूर्वाधार | (क) सडकको पहुँच भएको वा हुन सक्ने (ख) सिंचाईको उपलब्धता वा हुन सक्ने (ग) विधुतको उपलब्धता भएको वा हुन सक्ने (घ) तोकीएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोर रहेको |
| कार्यक्रम संचालनको संक्षिप्त मोडालिटी | कर्यिक्रम संचालनको लागि सम्भाव्य अध्ययनको आधारमा निर्धारण गरिएको क्षेत्रका इच्छुक कृषक समूह/ सहकारी/निजी उधमीहरुलाई परिचालन गरी सुपर जोन संचालक समिति मार्फत परियोजना कार्यान्वयन इकाई (सुपरजोन धान) ले सम्झौता गरी कार्यक्रम संचालन गर्नेछ । |

**आवेदन साथ आवश्यक कागजातहरु :**

१ रु. १० को टिकट टाँस गरिएको निवेदन
२ कृषक समूह/ सहकारी/ कम्पनी/ निजी उद्यमी दर्ता प्रमाण-पत्रको प्रतिलिपी
३ कृषक समूह/ सहकारी/ कम्पनी/ निजी उद्यमीको निर्णयको प्रतिलिपी
४ जग्गा भाडामा भए कम्तीमा ५ वर्षको करारनामा

नोटः बाँकी सुविधा एवम प्रक्रिया नेपाल सरकारबाट स्वीकृत बृहत व्यावसियक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (सुपरजोन धान) विकास कार्यक्रम संचालन कार्यविधि २०७३ अनुरुप हुनेछ । विस्तृत जानकारी तथा आवेदन फाराम सम्बन्धी परियोजना कार्यान्वयन इकाई (सुपरजोन धान) मा सम्पर्क गरी प्रप्त गर्न सकिने छ ।

वीरेन्द्र राज पराजुली
वरिष्ठ कृषि अधिकृत
वरिष्ठ कृषि अधिकृत

**सम्पर्कको लागि**
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई ( सुपरजोन धान) राजपुर,बर्दिया
फोन न ०८४-४६०१४९/९८५८०३४४४४/९८४८८६४०९५

"आत्मनिर्भर अर्थ तन्त्रका लागि कृषिको आधुनिकीकरण,विशिष्टिकरण तथा औद्यौगगिकीकरण"